विवाह पवित्र बन्धन हो, विवाहलाई लेनदेनको विषय नबनाऔं, विवाहमा दाइजो लिने र दिने काम नगरौं, दाइजोका कारण हुने हिंसा अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर ३० गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 December 15 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १०७

## नेपाल पत्रकार महासङ्घ पर्साको अध्यक्षमा खनाल विजयी

प्रस, वीरगंज, २९ मङ्सिर/
नेपाल पत्रकार महासङ्घ, पर्साको


ओमप्रकाश खनाल

अध्यक्ष पदमा ओमप्रकाश खनाल नौ मत अन्तरले विजयी भएका छन्। उनले ८४ मत पाउँदा उनका निकटतम प्रतिद्वन्द्वी अनुप तिवारीले ७५ मत पाएका थिए। प्रेस सेन्टर, समाजवादी प्रेस सङ्गठनबाट समर्थन पाएका खनाललाई प्रेस युनियन र प्रेस चौतारीका असन्तुष्ट खेमाले पनि सहयोग गरेका थिए। प्रेस युनियन तथा प्रेस चौतारीका आधिकारिक उम्मेदवार तिवारीलाई उनकै पक्षधरहरूले असहयोग गर्दा हार बेहोर्नुपरेको बताइएको छ।

पर्सामा बलियो सङ्गठनको रूपमा रहेका युनियन र चौतारीलाई पाखा लगाउँदै सङ्गठन विस्तारकै क्रममा रहेका सेन्टर र समाजवादीले समर्थन गरेका उम्मेदवारले जितेपछि युनियन र चौतारीभित्र किचलो शुरू भएको छ। मतपरिणाम अनुसार मतदाताहरूले सङ्गठनको ह्वीपलाई पाखा लगाउँदै आआफ्नो विवेकले मतदान गरेको देखिन्छ। पर्सामा मिश्रित परिणामले गठबन्धन सङ्गठनबीच एकअर्कालाई आरोप लगाउन पनि शुरू भएको छ।

त्यसैगरी, मतपरिणाम अनुसार उपाध्यक्षमा भूषण यादव ९० मत ल्याइ निर्वाचित भएका छन्। उनका निकटतम प्रतिद्वन्द्वी अलि असगर देवानले ६० मत पाएका थिए। महिला उपाध्यक्षमा नीलिमा पौडेल दुई मत अन्तरले विजयी भएकी छन्। उनले ७९ मत पाइन् भने उनका निकटतम प्रतिद्वन्द्वी कविता खड्काले ७७ मत पाइन्। सचिवमा विजय चौहान ६१ मत ल्याइ निर्वाचित भए। उनका निकटतम प्रतिद्वन्द्वी मनोजकुमार पटेलले ४९ मत ल्याएका थिए।

सहसचिव (समावेशी)तर्फ एसके चौरसिया ६२ मतसहित विजयी भए भने उनका प्रतिद्वन्द्वी इरफान अलिले ५१ मत पाए। सहसचिव (खुला)तर्फ अजयकुमार चौरसिया ७७ मत पाएर विजयी भए। उनका निकटतम प्रतिद्वन्द्वी उदयकुमार दासले एक मत कम ७६ पाएका थिए। कोषाध्यक्षमा सञ्जीवकुमार मिश्रले ६५ मत ल्याउँदा उनका निकटतम प्रतिद्वन्द्वी अमितकुमार साहले ३४ मत पाए। सदस्य (महिला)तर्फ कमला भण्डारीले ८२ मतसहित विजयी भइन् भने विमला गुप्ताले ७२ मत पाइन्। सदस्य (आदिवासी जनजाति)तर्फ अजितकुमार भुजेल ६१ मतसहित विजयी भए। सदस्य (मधेसी)तर्फ आरोहण साह ६२ मत ल्याइ विजयी भए, सदस्य (अन्य समावेशी)तर्फ प्रकाशकुमार तिवारी ८२ पाएर विजयी भए।

सदस्य (खुला)तर्फ तिवारी यादव ६१, प्रमोद यादव ५१, बलिराम शुक्ला ५०, रितेन्द्र झा ५०, श्याम कुशवाहा ५४, राहुल गुप्ता ५९, महेशचन्द्र गौतम ६४, राघवसाह कानू ७० मत पाएर विजयी भएका प्रमुख निर्वाचन अधिकृत शत्रुघ्न नेपालले जानकारी गराएका छन्।


नेपाल पत्रकार महासङ्घ पर्सा सभाहलमा मतगणना हुँदै। तस्वीरः प्रतीक

## अपाङ्गतासम्बन्धी अन्तर्क्रियात्मक कार्यक्रम

प्रस, वीरगंज, २९ मङ्सिर/
अपाङ्गता समीकरण अभ्यास खेल तथा अन्तर्क्रियात्मक कार्यक्रम शनिवार सम्पन्न भएको छ।

अपाङ्गता भएका व्यक्तिहरूको ३३औं




अन्तर्राष्ट्रिय दिवस 'समावेशी तथा दिगो भविष्यको पूर्वाधार : अपाङ्गता भएका व्यक्तिहरूको प्रबल नेतृत्व यसको आधार' नाराका साथ सम्पन्न भएको छ।

समृद्ध समाजका लागि युवा सशक्तीकरणका अध्यक्ष महेश साहको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि मधेस प्रदेश खेलकूद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवाल थिए।

कार्यक्रममा मन्त्री जयसवालले अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार र अपाङ्गता समावेशी विकास अवधारणा प्रवर्द्धन गराइ उनीहरूको जीवनस्तरमा सुधार ल्याउन सबैको सहयोग, क्रियाशीलता आवश्यक रहेको बताए।

कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवसको सुरुआत विश्वभर एकीकृतरूपमा प्रवर्द्धन गर्न सन् १९९२ देखि अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस मनाउन थालिएको अध्यक्ष साहले जानकारी दिए। शुरूमा यस दिवसलाई अन्तर्राष्ट्रिय अपाङ्ग दिवस भन्ने गरिन्थ्यो। तर सन् २००६ डिसेम्बर १३ तारिखका दिन संयुक्त राष्ट्रसङ्घको ६१औं महासभाले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि पारित गरी सन् २००८ देखि लागू भएपछि अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस नामकरण गरी विश्वभर एकैसाथ १३ डिसेम्बरका दिन मनाउन थालिएको हो।

अपाङ्गता अर्थात् "अपाङ्गता भएका
(बाँकी अन्तिम पातामा)

## 'भारतीय पर्यटकीय वाहनमा अनावश्यक हस्तक्षेप नहुने'

प्रस, वीरगंज, २९ मङ्सिर/
मधेस प्रदेशका प्रहरी प्रमुख एवं प्रहरी नायब महानिरीक्षक लालमणि आचार्यले भारतीय पर्यटकीय वाहनलाई प्रहरीले अनावश्यक हस्तक्षेप नगर्ने बताएका छन्।



पर्यटक प्रहरी कार्यालय भृकुटीमण्डप र होटल तथा पर्यटन व्यवसायी सङ्घ पर्साको संयुक्त आयोजनामा सम्पन्न 'पर्यटन सुरक्षा र प्रवर्द्धनमा पर्यटक प्रहरी, व्यवसायी र स्थानीयको भूमिका' अन्तर्क्रिया कार्यक्रममा प्रनामनि आचार्यले पर्यटक प्रहरीले पर्यटकलाई सुरक्षाको अनुभूति हुनेगरी कार्य गर्न निर्देशन दिए।

कार्यक्रममा पर्साका होटल तथा पर्यटन व्यवसायीहरूले भारतीय पर्यटक चढेका भारतीय वाहनलाई चेकजाँचको नाममा प्रहरीले अनावश्यक दुःख दिने गरेको बताउँदा प्रनामनि आचार्यले प्रहरीले भारतीय पर्यटकीय वाहनहरूको चेकजाँच दुःख दिने नियत नगर्ने बताए। उनले भारतीय पर्यटक चढेको सवारीसाधनलाई गलत नियतले चेकजाँच नगर्न मातहतका प्रहरीलाई निर्देशन दिने बताए।

कार्यक्रममा मधेस प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री सकिल मियाँले अब मधेस प्रदेशमा पर्यटन क्षेत्रमा ठोस काम हुने बताए। पर्यटक प्रहरी कार्यालय भृकुटीमण्डपका प्रमुख प्रहरी नायब उपरीक्षक रिपेन्द्र सिंहले पर्यटक प्रहरीले हालसम्म गरेका कार्य विवरण र आम पर्यटकहरूको विषयमा निर्माण गरिएको वृत्तचित्र प्रदर्शन गरेका थिए।

होटल तथा पर्यटन व्यवसायी सङ्घ वीरगंजका अध्यक्ष हरि पन्तले समग्र होटल तथा पर्यटन व्यवसाय क्षेत्रका आम समस्याबारे प्रकाश पारेका थिए। सो क्रममा उनले स्थानीय प्रहरीहरूलाई होटल व्यवसायीहरूमाथि अभद्र व्यवहार नगर्न प्रहरीको माथिल्लो निकायबाटै निर्देशन दिनुपर्नेमा जोड दिए।

पर्यटक प्रहरी कार्यालय वीरगंजका प्रमुख प्रहरी नायब निरीक्षक प्रराज चौलागाईंले सहजीकरण गरेको कार्यक्रममा ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठ, पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख रामचन्द्र खतिवडा, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवाललगायत मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा हान मधेस प्रदेशका वरिष्ठ उपाध्यक्ष मोहन प्रधान, होटल तथा पर्यटन व्यवसायी सङ्घ पर्साका वरिष्ठ उपाध्यक्ष रचेन्द्र थापा, महासचिव माधव बस्नेत, सचिव सन्दीप बस्नेत, होटल व्यवसायी महासङ्घ नेपालका केन्द्रीय सदस्य हीरा श्रेष्ठलगायतको सहभागिता थियो।

## मधेसका पर्यटकीय गन्तव्यमा 'पर्यटक प्रहरी' थपिँदै

वीरगंज, २९ मङ्सिर/रासस
मधेस प्रदेशका पर्यटकीय गन्तव्यमा शान्तिसुरक्षा कायम गर्न पर्यटक प्रहरी थपिने भएको छ। विदेशी पर्यटकलाई सहजीकरण गर्न मधेस प्रदेशका प्रमुख गन्तव्यमा पर्यटक प्रहरी थप्ने प्रक्रिया प्रारम्भ भएको छ।

हाल जनकपुर र वीरगंजमा मात्र पर्यटक प्रहरीको व्यवस्था भएकामा अब ठोरी गाउँपालिकामा नयाँ एकाइ स्थापनाको प्रक्रिया प्रारम्भ गरिने भएको छ।

ठोरी गापाका अध्यक्ष लालबहादुर श्रेष्ठले पर्यटक प्रहरीका निम्ति आवश्यक भौतिक पूर्वाधार उपलब्ध गराउन पालिका तयार रहेको बताए।

वीरगंज होटल तथा पर्यटन व्यवसायी सङ्घका अध्यक्ष हरि पन्तले पर्यटक प्रहरीको अभावमा मधेस घुम्न आउने विदेशी पर्यटकले सास्ती बेहोर्नुपरेकाले त्यसो हुन नदिन थप सुरक्षाकर्मी परिचालन गर्न स्थानीय प्रशासनसँग आफूहरूले अनुरोध गरेको बताए।

मधेस प्रदेशका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक लालमणि आचार्यले मधेस प्रदेशमा पर्यटकीय क्षेत्रको सुरक्षाका लागि पर्याप्त सुरक्षाकर्मीलाई पर्यटक प्रहरीका रूपमा परिचालन गर्न सकिने बताए।

वीरगंज नाका हुँदै भारतीय पर्यटकहरू जनकपुर, गढीमाईलगायत यहाँका धार्मिकस्थलको भ्रमणमा जाने गरेका छन्।

## निशुल्क आँखा तथा स्त्रीरोग चेकजाँच शिविर

प्रस, वीरगंज, २९ मङ्सिर/
वीरगंज युवा समाजद्वारा शनिवार निशुल्क आँखा तथा स्त्रीरोग चेकजाँच




शिविरको आयोजना गरिएको थियो। सो शिविरमा आँखाका १५० र स्त्रीरोगका १०७ गरी २५७ जनाको चेकजाँच गरिएको समाजका अध्यक्ष सञ्जीवकृष्ण थापाले बताए। शिविरमा १५ जनाको आँखामा मोतीबिन्दु फेला परेको थियो। स्त्रीरोग चेकजाँच गर्दा केही जटिल समस्या भएकाहरूलाई अस्पताल बोलाइएको र सो क्रममा जाँच शुल्क नलाग्ने र अन्य परीक्षणमा छुट प्रदान गरिने अध्यक्ष थापाले बताए।

वडाध्यक्ष प्रदीपकुमार चौरसियाको प्रमुख आतिथ्यमा भएको शिविरमा श्रीराम अस्पतालका स्त्रीरोग विशेषज्ञ डा दीप्ति यादव, डा प्रीति यादव, किरण आँखा अस्पतालका नेत्ररोग विशेषज्ञ आन्द्रिका यादवले चेकजाँच गरेका थिए।

## विचारसार र सूक्तिहरू

**मैनजस्तो मुटु लिएर हिंड्यौं भने मानिसले तिमीलाई जलाइरहन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# धर्म एवं मत

यस धरतीमा जति पनि प्रकारका मानिसहरू छन्, त्यति नै प्रकारका उनका मन्तव्य एवं जीवन बाँच्ने शैली छन् । उनीहरूले के अँगाले, के नाईं, यो उनको व्यक्तिगत एकाधिकार हो । देश, काल, परिस्थिति अनुसार मानिस आफ्नो श्रद्धाको केन्द्र, आफ्नो आकर्षणको बिन्दु खोज्दछ ।

उसलाई त्यही वस्तु प्रिय हुन्छ, जसले उसलाई आत्मिक सन्तोष एवं मानवीय गुण-मूल्यले सुसज्जित पार्छ । यहाँ धर्मको स्थान छैन, यो त व्यक्तिगत स्वतन्त्रताको विषय हो, मतको परिवर्तन देश, काल र परिस्थिति अनुसार हुनु निश्चित छ । अनि धर्म के हो, के धर्म कुनै बाह्य वस्तु हो ?

धर्मको सम्बन्ध आदर्श एवं सिद्धान्तसँग हुन्छ, वा त्यो कुनै कपोल-कल्पना, निष्ठुर वाक्यावली मात्र हो । धर्मले कुन सिद्धान्तको कुरा गर्दछ, त्यो तपाईंको व्यक्तिगत एकाधिकारविरुद्ध छैन, कुनै उपचार-पद्धति पनि होइन । त्यो त अन्तर्जगतको एउटा महान् घटना हो, एउटा विशिष्ट गतिविधि हो, समय एवं कालको बगिरहेको विभिन्न धाराहरूमा, अन्तःलाई विस्मृत हुन नदिने सुस्वप्न हो । धर्म मानवताको प्रिय विषय हो, तर त्यो बुझ्न त्यति नै दुष्कर छ ।

भाषाको अन्तरले, क्षेत्रीय विभिन्नताहरूले, प्रकट एवं अप्रकट रूपमा, धर्मको दिशाधारामा कुनै निश्चित प्रभाव पर्दैन, धर्म त्यस्तै रहन्छ, जस्तो पहिले थियो । के मात्र हुन्छ भने हाम्रो श्रद्धाको कोण, हाम्रा विश्वासहरूको परिदृश्य, हाम्रो आत्मिक सत्यप्रतिको रुचिमा भने भिन्नता आइरहन्छ ।

यही मतको निर्माण एवं धर्मका कल्पित अर्थहरूको आरम्भिक चरण हो । धर्म एउटा केन्द्रीय वस्तु हो भने मत व्यक्तिको व्यक्तिगत आचरण । आवश्यक छैन कि धर्म मतानुकूल होस् । मतको परिधि प्रायः अति सङ्कुचित हुन्छ । धर्मलाई जसले बुझेका छन्, उनीहरू धार्मिक प्रवृत्तिको पहिचान गरेर, त्यसलाई बुझेर अनुकरण गर्न विलम्ब गर्दैनन् ।

जसको धर्म विलोप भयो । जसमा धर्म विलोप भयो र जो धर्मको वास्तविक परिभाषाबाट अनभिज्ञ छन्, तिनलाई यति मात्र भन्न सकिन्छ कि पहिले धर्म विषयक चर्चा बन्द गरेर आफ्नो मतको अनुसन्धान गरियोस् तथा जुन पनि रूपमा धर्म प्रदर्शित हुन्छ, त्यसैलाई स्वीकार गरेर परिशुद्धिको दिशामा अघि बढियोस् ।

धर्म हो आत्माको साधन । मानिसले त्यसलाई आफ्नो कुनै बेसकिमति ढुकुटी ठानेको हुन्छ । धर्म त उम्रन्छ अनुसन्धानले, मानिस त्यसलाई स्थापितरूपमा मान्न मात्र चाहन्छ ।

धर्म विज्ञान हो, जसलाई बुझ्न तटस्थ मन, गम्भीर चिन्तन, अनुकरण होइन अनुभूति र जे सत्य छ, त्यसलाई स्वीकार गर्ने दृढ लालसा ।

धर्म हो वास्तविक पूँजी, मानवताको ज्ञान ग्रहणको सर्वोच्च बिन्दु । धर्म हो अनासक्ति र त्यसभन्दा पर प्रकृतिका गतिविधिहरू देख्न सक्ने प्रबल दृष्टि, एउटा विकारशून्य अवस्था, एउटा परिष्कृत चिन्तन ।

यस्तो धर्म जुन दिन मानवताको चरित्र-चिन्तनको आधार बन्नेछ, मानवता प्रफुल्लित हुनेछ, उसलाई विचार-बुद्धिबाट निष्कपट चिन्तनको आश्रय प्राप्त हुनेछ, उसले दिव्य कमलजस्तै आफ्नो वास्तविक रूप चिन्नेछ, अनि मात्र धर्मको ध्वजा, उसको केन्द्रीय एकाधिकार, धर्मको वास्तविक पूँजी उद्धृत हुनेछ, एवं मानिस चरित्र र चिन्तनले श्रेष्ठ बनेर सच्चा धर्माधिकारी बन्नेछ ।

विश्वका धर्महरूले यस कारण सफलता पाएनन्; किनकि ती सबै मत-वर्गमा छरिए र त्यहाँ धर्मको लोप हुन पुग्यो, धर्मलाई मतको मियोमा गन्न थालियो, धर्म आत्माको प्रतिनिधि होइन, अपितु मानिसको आकाङ्क्षा एवं क्रिया-प्रतिक्रियासँग सम्बन्धित बन्न पुग्यो ।

हामीले धर्मलाई मतभन्दा इतर दृष्टिले विकसित गर्नुपर्छ, जसले वास्तविकताको सुदर्शन गराओस् । जसलाई जानेर देवता भनियोस् । जो प्रकृतिप्रदत्त क्षमता तथा अनुसूचीहरूभन्दा माथि आत्मदर्शन एवं आत्मवैभवको घटनाको द्योतक बनोस्, त्यहीं धर्म वास्तविक हो तथा यसद्वारा साँच्चीकै मानिसको अन्तरमा क्रान्ति ल्याउन सकियोस् ।

धर्मले अनेक जीवनको उद्धार गरेको छ, धार्मिक क्रिया-कृत्यहरूद्वारा मानिसले महामावनीय स्वरूप प्राप्त गर्न सकेको छ, धरतीमा स्वर्ग सदृश्य परिस्थितिहरू विनिर्मित भएका छन्, श्रद्धाले जीवनको कायाकल्प गरेको छ । धर्म वास्तविकता हो, अन्धानुकरण होइन, प्रेम हो, कल्पित स्वार्थ होइन । त्यसैले आफ्नो मतको कुरा धर्मको परिभाषाको रूपमा नगरियोस् । धर्म सदाबहार हो, अन्तर्हृदयको वस्तु हो ।

यस अर्थमा हाम्रो मत कहीं न कहीं धर्मको समर्थक हुन सक्दछ, धर्म त्यसबाट प्रेरित होइन । मत अनुसार हिंड्नु नराम्रो होइन, तर यदि मत धर्मको मार्गमा बाधा बन्न पुग्दछ, मतको प्रचार बढी हुन थाल्दछ, धर्म पछि पर्न जान्छ, तब मानिसको आत्मा कुण्ठित नै रहन्छ र धर्म विजातीय तत्त्वले भरिएको मतमा प्रतिष्ठापित हुन पुग्दछ । त्यस बेला यति मात्र बुझ्नुपर्छ कि मानिसको आत्माले एउटा महान् सम्भावनाको इतिश्री गरिदियो र अब धर्म आफ्नो शक्ति-वैभवका अनुसार क्रियान्वित हुन पाउँदैन ।

जसलाई भगवान् भन्दछौं त्यो तपाईं-हाम्रो मनको वशमा छैन, त्यसलाई श्रद्धाले ग्रहण गर्न सकिन्छ । धर्म यदि आन्तरिक अनुशीलन एवं बृहत् दृष्टिमा कार्यान्वित हुँदछ, त्यसको सच्चा स्वरूप मानवीय-पुरूषार्थ एवं आत्मोत्कर्षको दिव्य भावना अनुकूल छ भने मात्र धर्म आफ्नो वास्तविक परिभाषा अनुसार, आफ्नो केन्द्रीय-क्रियाकलापको बुझाइ प्राप्त गरेर एउटा नयाँ रूपमा देखिन थाल्छ ।

शिष्टता धर्मको कसी हुन सक्दछ, तर धर्म के नैतिक-नियमहरूका अन्तर्गत रहने वस्तु हो ? धर्म सर्वात्माको दिव्य पुकार हो कि कुनै अनौठो वस्तु ?

धर्म सदाशीलता हो कि कुनै क्षणिक व्यवहारको वस्तु ? धर्मद्वारा मानिसले महान् कल्याण प्राप्त गरेको छ, उसले आन्तरिक समस्याको समाधान पाएको छ तथा बाह्यरूपमा मनुष्य समुदायलाई धर्मले लाभान्वित पारेको छ । धर्म एउटा यस्तो विलक्षण शक्ति हो, जसलाई विचारवानहरूले अमृतसम्मको संज्ञा दिएका छन् ।

यस धर्मलाई जुन दिन मानिसले सही रूपमा चिन्नेछ, धार्मिक विषय-वस्तु उसका जिब्रोमा मात्र होइन, उसका आचरण एवं कल्याण-व्यवहारको अभ्यङ्गी तथा त्यसलाई उत्कर्ष प्रदान गर्ने हुनेछ र अनि मानिस नवीनरूपमा, आफ्नो भावी-कल्याणको दिशामा अघि बढ्ने छ । यही महानताको राजमार्ग हो तथा मानिसको वास्तविक विकासको द्योतक पनि ।

धर्मको यस उज्ज्वल सम्भावनाका लागि मतको रचना भएको हो । मत आफैंमा स्वतनत्र नहोस्, त्यसका विषय-वस्तुलाई केन्द्रमा राखेर, कल्याणको दिशाधारामा होस्, अन्ततः यही धर्मको स्वीकारोक्ति हुनेछ तथा एउटा नयाँ मनुष्यताको निर्माणको आधार पनि ।

> **धर्मको यस उज्ज्वल सम्भावनाका लागि मतको रचना भएको हो । मत आफैंमा स्वतन्त्र नहोस्, त्यसका विषय-वस्तुलाई केन्द्रमा राखेर, कल्याणको दिशाधारामा होस्, अन्ततः यही धर्मको स्वीकारोक्ति हुनेछ तथा एउटा नयाँ मनुष्यताको निर्माणको आधार पनि ।**

# वनस्पति उद्यान (Botanical Garden) र यसको भूमिका

**पृष्ठभूमि**

प्रकृतिमा रहेका जीवजन्तु तथा वनस्पतिले मानव सभ्यताको विकासमा महत्त्वपूर्ण भूमिका रहेको तथ्य सर्वविदितै छ । मानिसको दैनिक जीवनयापनका लागि खाना, स्वच्छ वातावरणको आवश्यकता पर्छ । खाद्यान्नको पूर्ति गर्ने क्रममा बागवानी र कृषिको विकास बढ्दै गएको देखिन्छ । यसैगरी, प्रकृतिमा रहेका अनेकन रूख, बिरुवा र विभिन्न वनस्पतिहरूको सांस्कृतिक, धार्मिक, सामाजिक र आर्थिक महत्त्व रहँदै आएको छ । यसै परिप्रेक्ष्यमा वैज्ञानिक अध्ययन, अनुसन्धान तथा अन्वेषणका लागि विभिन्न वनस्पति उद्यानको स्थापना र विकास भएको देखिन्छ ।



१६औं शताब्दीको मध्यमा यूरोपमा भएको पुनर्जागरण काल (Renaissance Period) ताका इटालीको Pisa र Padua मा वनस्पति उद्यानको प्रारम्भ भएको विभिन्न दस्तावेजमा उल्लेख गरिएको पाइन्छ । जैविक विविधताको द्रुत ह्रासको वर्तमान युगमा वनस्पतिको संरक्षण, अनुसन्धान, अन्वेषण र प्रदर्शनमा वनस्पति उद्यानको भूमिका अझै महत्त्वपूर्ण बन्दै गएको छ । वनस्पतिको अध्ययन, अन्वेषण र प्रदर्शनको महत्त्वलाई आत्मसात् गर्दै वनस्पति उद्यानको स्थापना र यसको सञ्जाल निर्माणमा जोड दिइएको पाइन्छ । नेपालमा पनि दुर्लभ, रैथाने र लोपोन्मुख वनस्पति संरक्षण तथा संवर्द्धनका लागि राष्ट्रिय वनस्पति उद्यानको विसं २०१९ सालमा स्थापना भएको छ ।

नेपालका वनस्पति उद्यानहरू

वनस्पति उद्यान बिरुवाहरूको अभिलेखित सङ्ग्रह भएको बगैंचा हो । वनस्पति उद्यान राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका वनस्पति प्रजातिहरूको स्वस्थानीय र परस्थानीय संरक्षण, अनुसन्धान तथा अन्वेषण, प्रदर्शनी, शिक्षा र मनोरञ्जनको उद्देश्यका लागि स्थापित निकायहरू हुन् ।

नेपालको पहिलो वनस्पति उद्यान सन् १९६२ मा राष्ट्रिय वनस्पति उद्यानको रूपमा गोदावरी, ललितपुरमा स्थापना भएको थियो, जुन बोटानिकल गार्डेन संरक्षण गर्ने अन्तर्राष्ट्रिय निकाय, बोटानिक गार्डेन्स कन्जर्भेशन इन्टरनेशनल (BGCI) को सदस्य रहँदै आएको छ ।

नेपालका विभिन्न पारिस्थितिक क्षेत्रमा १२ वटा वनस्पति उद्यान स्थापित छन्, जुन वनस्पति विभाग अन्तर्गत रहेका छन् । नेपालको पहिलो वनस्पति उद्यान सन् १९६२ मा गोदावरी, ललितपुरमा स्थापना भएको थियो । यो वनस्पति उद्यानलाई राष्ट्रिय वनस्पति उद्यान (National Botanical Garden) को नामले चिनिन्छ । नेपालका वनस्पति उद्यान अन्तर्गत निम्न ११ वटा वनस्पति उद्यान र एउटा जैविक विविधता उद्यान रहेका छन् ।

१) राष्ट्रिय वनस्पति उद्यान, गोदावरी, ललितपुर
२) माईपोखरी वनस्पति उद्यान, इलाम
३) धनुषाधाम वनस्पति उद्यान, धनुषा
४) वृन्दावन वनस्पति उद्यान, वृन्दावन, मकवानपुर
५) माउन्टेन वनस्पति उद्यान, दामन, मकवानपुर
६) टिष्टुङ वनस्पति उद्यान, टिष्टुङ, मकवानपुर
७) ढकेरी वनस्पति उद्यान, बाँके
८) मूलपानी वनस्पति उद्यान, सल्यान
९) धिताचौर वनस्पति उद्यान, जुम्ला
१०) देवहरिया वनस्पति उद्यान, कैलाली
११) गोदावरी वनस्पति उद्यान, गोदावरी, कैलाली
१२) विश्व शान्ति जैविक विविधता उद्यान, रानीवन, पोखरा

माथि उल्लिखित वनस्पति उद्यानबाहेक वनस्पति विभाग अन्तर्गत वनस्पतिसम्बन्धी अनुसन्धान गर्न निम्न प्रयोगशालाहरू (Laboratory) रहेका छन् ।

१) नेशनल हर्बोरियम एन्ड प्लान्ट ल्याबोरेटोरिज, गोदावरी, ललितपुर
२) न्याचुरल प्रडक्ट्स रिसर्च ल्याबोरेटोरिज, काठमाडौं

वनस्पति उद्यानको मुख्य उद्देश्य संरक्षण, शिक्षा, अनुसन्धान, प्रदर्शन र मनोरञ्जन हो ।

बिरुवाहरूको विविध जीवित सङ्ग्रहको संरक्षण र मर्मत गर्नु हो । बिरुवा प्रसार र बीउ बैंकिङको लागि प्रोटोकल विकास गर्न तथा वनस्पति विज्ञानको क्षेत्रमा शिक्षा र अनुसन्धानलाई समर्थनसँगै वनस्पति उद्यानको विकासलाई प्रवर्द्धन गर्ने रहन्छ ।

**वनस्पति उद्यानका विशेषता**

कुनै पनि स्थानमा स्थानीयस्तरमा पाइने वनस्पति साथै सङ्कलित वनस्पतिको हर्बेरियमका नमूनाहरूको माध्यमबाट आधिकारिक जानकारी दिने, अध्ययन, अनुसन्धान, अन्वेषण गर्ने तथा वनस्पतिको महत्त्वबारे जनचेतना जगाउनुका साथै मनोरञ्जन स्थलको रूपमा वनस्पति उद्यान रहन्छ । वनस्पति उद्यानका विशेषतालाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ :

**क) वनस्पतिको आधिकारिक जानकारी**

सर्वसाधारणको लागि ठाउँठाउँमा बनाइएका खुला चौर, मनोरञ्जन स्थल, पार्क आदि आकर्षकरूपमा वनस्पतिका विभिन्न प्रजातिसहित खेलमैदान र घुमफिरको उद्देश्यले शान्त र सुन्दर वातावरणमा बनाइएका हुन्छन् । जहाँ कुनै पनि रूखबिरुवा र वनस्पतिमा जानकारी पाउन कठिन हुने गर्छ । वनस्पति उद्यानले वनस्पतिको वैज्ञानिक नाम, स्थानीय नाम, पाइने स्थान, पाइने उचाइ आदिका बारेमा सर्वसाधारणलाई जानकारी गराउने गर्छ ।

**ख) अध्ययन, अनुसन्धान, अन्वेषण**

मुख्यगरी सजीव वनस्पति (Living Collection) र हर्बेरियम (Herbarium) का नमूना वैज्ञानिक प्रणालीमा नामकरणसहित व्यवस्थित तरीकाले राखिएका हुन्छन् । स्थानीय हावापानीमा पाइने जलथलका बोट, बिरुवा र रूखका नमूना, सङ्कलनहरू छुट्टाछुट्टै विभाग खडा गरी जैविक विविधताका अध्ययन, अध्यापन, अनुसन्धानको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका हुन्छन् ।

**ग) शिक्षा तथा जन चेतना**

सूचना कक्ष, प्रदर्शनी कक्ष, विभिन्न नमूनाका सङ्ग्रहालय, वनस्पति इतिहासका अमूल्य चित्रहरू, वनस्पतिका चित्रहरू, वनस्पतिसम्बन्धी सामग्री आदि इत्यादिहरू व्यवस्थित गरी सर्वसाधारण तथा विद्यार्थीसमक्ष उचित शिक्षाको साथै जनचेतना जगाउनु पनि वनस्पति उद्यान (Botanical Garden)को मुख्य उद्देश्यभित्र पर्छ ।

**घ) संरक्षण**

विभिन्न किसिमका वनस्पतिहरू जस्तै फूल फुल्ने बिरुवा, फूल नफुल्ने बिरुवा, झ्याउ, च्याउ, लेउ, सुनाखरी आदि वर्गीकरण गरी हरित घर (Green House), चादुवा (Canopy), तलाउ, जङ्गल जस्ता प्राकृतिक वातावरण सृजना गरी हुकाइएका हुन्छन् । विभिन्न किसिमका लोप हुन लागेका वनस्पतिहरूको संरक्षण गरेर राखिएका हुन्छन् । त्यस्तै, रैथाने, औषधिजन्य गुण भएका तथा अन्य महत्त्वपूर्ण वनस्पतिहरूको स्वस्थानीय र परस्थानीय संरक्षण गरेर राखिएका हुन्छन् ।

**ङ) नर्सरी तथा प्रयोगशाला**

विविध प्रकारका आनुवांशिक प्रयोगशाला, वंशाणु बैंक (Gene Bank), बीउ/बीज बैंक (Seed Bank) तथा नर्सरीहरूको व्यवस्थितरूपमा सञ्चालन गरी अनुसन्धानकर्ता, अन्वेषकहरूलाई सहयोग तथा सहायता पुऱ्याएको हुन्छ । महत्त्वपूर्ण वनस्पति तथा औषधिजन्य वनस्पतिहरूको हर्बेरियमका नमूना वैज्ञानिक प्रणालीमा नामकरणसहित सुरक्षित तथा व्यवस्थित तरीकाले राखिएका हुन्छन् ।

**च) सौन्दर्ययुक्त सजावट**

फूल फुल्नेलगायत अन्य प्रकारका वनस्पतिहरूलाई आकर्षकरूपमा कृत्रिम भूदृश्य (Landscape) तथा प्राकृतिक स्वरूपमा सुन्दर तरीकाले सजाइ निर्माण गरिएको हुन्छ ।

**वनस्पति उद्यानको भूमिका**

वनस्पति उद्यानको प्रमुख भूमिका जैविक विविधताको संरक्षण, अनुसन्धान, अन्वेषण तथा जनचेतना जगाउनु हो । वनस्पति उद्यानले विभिन्न किसिमका मौलिक, रैथाने, औषधिजन्य, वित्तीय महत्त्व भएका वनस्पतिको शिक्षामूलक लगायत चेतनामूलक सामग्रीहरूको प्रकाशन, श्रव्यदृश्यहरूको सम्पादन तथा प्रवर्द्धनात्मक तथा सृजनात्मक क्रियाकालपहरूमा अग्रणी भूमिका निर्वाह गरिरहेको हुन्छ । यस किसिमको क्रियाकलापले वनस्पतिको अध्ययन अनुसन्धान साथै वातावरणीय समस्याहरू जस्तै जलवायु परिवर्तन (Climate Change), हरितगृह प्रभाव (Green House Effect) जस्ता समस्या समाधान तथा निवारण गर्न सहयोगी भूमिका रहनेछ ।

**निष्कर्ष**

साथै हरेक नागरिकको प्रकृतिप्रतिको जिम्मेवारीबोध र चासो जगाउनु, वनस्पतिप्रति गरिने व्यवहारमा परिवर्तन गरी सभ्य समाज तथा अनुकूल सुन्दर वातावरणीय स्थान परिकल्पना गर्नु नै आजको आवश्यकता हो । यसको लागि सम्बन्धित क्षेत्रका सरोकारवाला, अभियन्ता, अनुसन्धानकर्ता, संरक्षणविद्, वनस्पतिविद्, विद्यार्थीहरू र सर्वसाधारण एकजुट भई आधुनिक सिर्जनात्मक शिक्षा प्रणालीका अवधारणाहरू कार्यान्वयन गरी समाजको सोचमा सकारात्मक परिवर्तन भई देशको विकासमा योगदान पुग्ने विश्वास गर्न सकिनेछ । (स्रोतः विज्ञान लेखमाला)

**– नीरा जोशी प्रधान (वनस्पतिविद/वनस्पति चित्रकला विज्ञ स्रोत)**
neera.joshi.pradhan@gmail.com

## मधेस प्रदेशमा धनुषाबाट सबैभन्दा बढी उजूरी

जनकपुरधाम, २९ मङ्सिर/रासस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवासले मधेस प्रदेशका विभिन्न जिल्लाबाट विगत दुई आर्थिक वर्षमा परेका उजूरीमध्ये छ हजार ४७२ उजूरी फछ्र्योट गरेको जनाएको छ ।

सो कार्यालयबाट प्राप्त प्रतिवेदनका अनुसार सो कार्यालयमा आर्थिक वर्ष २०७९/८० तथा २०८०/८१ मा मधेस प्रदेशका आठ जिल्लाबाट कुल आठ हजार ५२९ उजूरी दर्ता भएका थिए । जसमध्ये

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## द कोरियाका राष्ट्रपति युन महाभियोगपछि पदबाट निलम्बित

सियोल, २९ मङ्सिर/एएफपी

दक्षिण कोरियाको संसद्ले शनिवार राष्ट्रपति युन सुक योलमाथि लगाइएको महाभियोग प्रस्ताव शनिवार पारित गरेको छ।

महाभियोग प्रस्ताव पारित भएपछि विपक्षीले 'जनताको विजयी' भएको घोषणा गरेका छन्।

डिसेम्बर ३ मा सैनिक शासन लागू गर्ने युनको असफल प्रयासपछि दक्षिण कोरियामा एक हप्ताभन्दा बढी तीव्र राजनीतिक तनाव निम्त्याएको थियो।

राष्ट्रपतिविरुद्धको महाभियोग प्रस्ताव संसद्बाट पारित भएसँगै सोलको सडकमा शनिवार युनको पक्ष र विपक्षमा हजारौंको सङ्ख्यामा त्याली निकालिएको थियो। मतदानपछि टेलिभिजनमा सम्बोधन गर्दै महाभियोग लागेका युनले आफू पदबाट हट्ने तर सैनिक शासन लागू गर्ने असफल प्रयासका लागि माफी नमागेको बताएका छन्।

कुल ३०० संसद सदस्य रहेको कोरियाली संसद्मा २०४ सांसदले विद्रोहको आरोपमा राष्ट्रपतिविरुद्ध महाभियोग लगाउने पक्षमा मतदान गरेका छन् भने ८५ जनाले विपक्षमा मतदान गरेका छन्। मतदानमा तीन सांसद अनुपस्थित रहेका र आठ मत बदर भएको थियो।

महाभियोगसँगै युनलाई पदबाट निलम्बित गरिएको छ भने दक्षिण कोरियाको संवैधानिक अदालतले मतदानपछिको अवस्थाबारे छलफल शुरु गरेको छ।

अदालतलाई युनको भविष्यबारे फैसला गर्न १८० दिनको समय दिइएको छ। यदि उनलाई पदबाट हटाइयो भने युन दक्षिण कोरियाको इतिहासमा सफलतापूर्वक महाभियोग लगाइने दोस्रो राष्ट्रपति बन्नेछन्।

प्रधानमन्त्री हान डक सोले राष्ट्रपतिविरुद्धको महाभियोग प्रस्ताव पारित भएसँगै पत्रकारसँगको कुराकानीमा भने, "दक्षिण कोरियाली प्रधानमन्त्रीको रूपमा मेरो सम्पूर्ण शक्ति र प्रयास स्थिर शासन सुनिश्चित गर्न समर्पित हुनेछ।"

महाभियोग पारित हुन दुई सय मत आवश्यक थियो र विपक्षी सांसदहरूले युनको कन्जरभेटिभ पिपुल पावर पार्टी (पिपिपी)का कम्तीमा आठजना सांसदलाई दल बदल्न राजी गराउन आवश्यक थियो।

"आजको महाभियोग जनताको ठूलो जीत हो," विपक्षी डेमोक्रेटिक पार्टीका नेता पार्क चान–डेले मतदानपछि भने।"

उनले अबको १८० दिनभित्र आउने अदालतको फैसलाले कोरियाली जनतालाई प्रजातन्त्र र स्वतन्त्रताप्रतिको आत्मसम्मानलाई प्रकट गर्ने बताए। रासस

## अफ्रिकाका १५ करोड मानिस 'चरम गरीबी'मा

नैरोबी, २९ मङ्सिर/सिन्हवा

अत्यधिक चिकित्सा खर्चले अफ्रिकाका १५ करोडभन्दा बढी मानिसलाई गरीबीमा धकेल्दै गुणस्तरीय र उत्पादनशील जीवनलाई वञ्चित गरेको विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले जनाएको छ।

बिहीवार विश्वव्यापी स्वास्थ्य कभरेज दिवसको अवसरमा सार्वजनिक गरेको 'ट्र्याकिङ फाइनान्सियल प्रोटेक्शन' प्रतिवेदनमा डब्ल्युएचओले उक्त तथ्याङ्क उल्लेख गरेको छ।

अफ्रिकाका लागि डब्ल्युएचओ क्षेत्रीय निर्देशक मात्शिडिसो मोएतीले भने, "आवश्यक औषधि र अन्य स्वास्थ्य खर्च महाद्वीपका कमजोर नागरिकहरूको लागि आर्थिक कठिनाइ र खराब स्वास्थ्य अवस्था निम्त्याउन सक्छ। यस्ता भुक्तानीहरूले धेरै मानिसलाई खाना, आवास र उपयोगिताहरू जस्ता अन्य आधारभूत आवश्यकताहरूमा कम खर्च गर्न बाध्य पार्छ, जसले उनीहरूको अवस्था बिग्रन सक्छ।"

सन् २००० र सन् २०१९ बीचको अवधिमा आफ्नो घरायसी बजेटको १० प्रतिशतभन्दा बढी औषधि र अन्य स्वास्थ्य सेवामा खर्च गर्नेको सङ्ख्या वार्षिक २५ लाखले बढेको जनाइएको छ। प्रतिवेदनका अनुसार उच्च स्वास्थ्य खर्चमा विश्वभरका गरीबमध्ये आधा अफ्रिकामा बसोबास गर्छन्।

अत्यधिक खर्चले अफ्रिकी नागरिकहरूलाई खाद्यान्न, कपडा र आश्रय जस्ता आधारभूत आवश्यकताहरूमा खर्च घटाउन बाध्य तुल्याउन सक्ने प्रतिवेदनले जनाएको छ।

यसले धेरै अफ्रिकी देशले अत्यधिक स्वास्थ्य खर्चको बोझलाई सम्बोधन गर्न बलियो नीतिहरू अपनाएका छन्। रासस

## 'पिआइए'ले अमेरिका उडान सुचारु गर्ने

इस्लामाबाद, २९ मङ्सिर/एएनआई

पाकिस्तान इन्टरनेशनल एयरलाइन्स (पिआइए)ले सात वर्षको निलम्बनपछि संयुक्त राज्य अमेरिकामा उडानहरू सुचारु गर्नेछ। यो देशको उड्डयन क्षेत्रको लागि महत्त्वपूर्ण विकास भएको एआरवाई न्युजले जनाएको छ।

अमेरिकी सङ्घीय उड्डयन प्रशासन (एफएए)बीच विचाराधीन वित्तीय दायित्वहरू समाधान गर्न समझदारीपत्र (एमओयु)मा हस्ताक्षर भएको छ।

पाकिस्तान नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक नादिर शफी दारका अनुसार एफएएलाई भुक्तान छिट्टै हुने अपेक्षा गरिएको छ। एफएए प्रतिनिधिमण्डललाई फेब्रुअरी वा मार्चमा पाकिस्तान भ्रमण गर्ने मार्ग प्रशस्त हुनेछ।

एआरवाई न्युजका अनुसार यसले पाकिस्तानलाई एफएएसँग 'श्रेणी एक' स्थितिमा पुनः वर्गीकृत गर्ने सम्भावना बढाउँछ, जसले अमेरिकाको लागि सीधा उडानहरू पुनः शुरु गर्न अनुमति दिन्छ।

पिआइएको संयुक्त राज्यका उडानहरू सन् २०१७ मा निलम्बन गरिएको थियो।

सरकारले तीनवटा विद्युत् वितरण कम्पनीसहित पिआइएको निजीकरण वर्षको अन्त्यसम्ममा सम्पन्न गर्ने योजना रहेको बताएको छ।

प्रारम्भमा अक्टोबर १ सम्ममा टुङ्ग्याउने गरी निजीकरण प्रक्रिया चलिरहेको नागरिक उड्डयनले जनाएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – अन्नलाभ |
| मिथुन – खर्चवृद्धि | कर्कट – मनोरञ्जन |
| सिंह – पदोन्नति | कन्या – ईश्वरभक्ति |
| तुला – शारीरिककष्ट | वृश्चिक – नारीसुख |
| धनु – धनलाभ | मकर – सन्तानसुख |
| कुम्भ – वाहनकष्ट | मीन – मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## २५ प्रतिशत बिजुली 'पिपिपी परियोजना'मार्फत उत्पादन

कोलम्बो, २९ मङ्सिर/सिन्हवा

श्रीलङ्काले सन् १९९० देखि सन् २०२३ सम्म पाँच दशमलव तीन अर्ब अमेरिकी डलरभन्दा बढी मूल्यका १७९ वटा आर्थिकरूपमा बन्द सार्वजनिक–निजी साझेदारी (पिपिपी) परियोजनाहरू कार्यान्वयन गरेको छ। एशियाली विकास बैंक (एडिबी)को पछिल्लो प्रकाशन प्रतिवेदनमा यी परियोजनाहरूमध्ये अधिकांश विद्युत् र बन्दरगाह क्षेत्रमा केन्द्रित रहेको उल्लेख गरिएको छ। कुल १६२ आयोजना विद्युत्सँग सम्बन्धित थिए भने पाँचवटा बन्दरगाहमा केन्द्रित थिए, जुन निजी क्षेत्रको सहभागिताका लागि प्रमुख क्षेत्र बनेका छन्।

एडिबीका अनुसार पिपिपीले बन्दरगाह सञ्चालनको गुणस्तर र दक्षता वृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। पिपिपीमार्फत विकसित टर्मिनलहरूले अहिले देशको पोर्टको लगभग ७० प्रतिशत कार्य गरिरहेको छ।

श्रीलङ्काको लगभग २५ प्रतिशत बिजुली हाल पिपिपी परियोजनाहरूमार्फत उत्पादन गरिन्छ। रासस




**सिरक बनाइँदैः** सर्लाहीको हरिपुर नगरपालिका–२ स्थित बजारमा सिरक बनाइँदै। चीसो बढेसँगै जिल्लामा न्यानो कपडा, सिरक र डसनाको व्यापार बढेको छ। तस्बिरः सिंहबहादुर थापा/रासस

## 'रोजगारमूलक र आत्मनिर्भर शिक्षातर्फ अघि बढिनेछ'

काभ्रेपलाञ्चोक, २९ मङ्सिर/रासस

प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षाका माध्यमबाट मुलुक आत्मनिर्भरतातर्फ अगाडि बढ्ने विश्वास व्यक्त गरेका छन्। उनले शनिवार काभ्रेपलाञ्चोकको धुलिखेलस्थित काठमाडौं विश्वविद्यालय (केयु)को ३०औं दीक्षान्त समारोह (पहिलो चरण)लाई सम्बोधन गर्दै रोजगार खोज्ने शिक्षा नभई रोजगार सिर्जना गर्ने आत्मनिर्भरतामा आधारित शिक्षा दिने ढङ्गले सरकार अघि बढ्ने बताए।




"अब रोजगार दिने शिक्षा दिने हैन, रोजगार सिर्जना गर्ने खालको शिक्षा, आत्मनिर्भर ढङ्गले रोजगार दिने शिक्षातर्फ अघि बढेका छौं, यसका निम्ति केयूलगायतका विश्वविद्यालय नमुनाका रूपमा अघि बढिरहेका छन्," केयूका कुलपतिसमेत रहेका ओलीले भने। उनले विद्यार्थीलाई पढाइसँगै रोजगारमा जोड्दै आत्मनिर्भर बनाउन देशका नमुना विश्वविद्यालयसँग सहकार्य र समन्वय गर्दै जाने उल्लेख गरे।

प्रधानमन्त्री ओलीले प्रमाणपत्रले मात्रै दक्ष पनि नहुने भएकाले कस्तो नागरिक हो भन्ने विषय चरित्र र नैतिकताले प्रस्ट्याउने बताए। उनले भने, "सर्टिफिकेट रोजगारको एउटा आधार हो, दक्ष नागरिक हुन आचरण, व्यवहार र बोलीचालीले निर्धारण गर्छ।"

प्रधानमन्त्री ओलीले सीप र उत्तरदायित्वबाट विद्यार्थीले देश र नागरिकको पहिचान कायम राख्नुपर्ने बताए। "विद्यार्थीको आचरण, नैतिकता र सोच सकारात्मक हुनुपर्छ," उनले दीक्षित विद्यार्थीतर्फ इङ्गित गर्दै भने, "विद्यार्थी मृदुभाषी, नम्र, मानवतावादी, शान्तिप्रिय र व्यवहारवादी हुनुपर्छ, सफलताका लागि अझ परिष्कृत व्यवहार मिसाउनुपर्छ।" विश्वविद्यालय शिक्षाको मन्दिर र ज्ञानको आधार हो भन्दै उनले व्यवहारतः असाधारण सीमामुक्त शिक्षालाई जीवनभर ग्रहण गरिरहनुपर्नेमा जोड दिए।

प्रधानमन्त्री ओलीले धर्तीको २१ प्रतिशत हिमाल 'कालापत्थर' बन्न लागेकामा दुःखेसो पोख्दै अन्य भूभागसमेत मरुभूमि बन्ने खतरा बढेकोमा चिन्ता व्यक्त गरे। "अरूका गलतीले धर्तीका भूभाग मरुभूमि बन्दैछ, यसका लागि हामी वातावरणीय न्यायका लागि लडिरहेका छौं, कालापत्थरमा परिणत हुँदै गएका हिमालको पुरानो स्वरूपमा ल्याउन विषयप्रति गम्भीर हुँदै जलवायु परिवर्तनका विषयमा पनि ध्यान दिन आवश्यक छ," उनले भने। उनले पुर्खाले वरपीपल र तुलसी धेरैभन्दा धेरै रोपेर अक्सिजनका लागि 'ब्यालेन्स' मिलाएको उल्लेख गर्दै पारिस्थितिकी चक्रलाई नबिगार्न त्यसो गरिएकाले 'क्लाइमेट मेन्टेन' हुनुपर्छ भन्ने विषयमा आफूले जोड दिँदै आएको बताए।

कार्यक्रममा भारतको पटनास्थित इन्डियन इन्स्टिच्यूट अफ टेक्नोलोजीका निर्देशक प्रोफेसर त्रिलोकनाथ सिंहले नेपाल–भारतको इतिहास र भूगोलमा असाधारण सम्बन्ध रहेकाले व्यापार, शिक्षा र अनुसन्धानका क्षेत्रमा भएको पारस्परिक सम्बन्ध र नवप्रवर्तनका क्षेत्रमा दुई देशबीचको साझेदारीले साझा प्रगति र दिगो विकासका मार्ग प्रशस्त गरेको बताए। उनले भने, "दुई देशबीचका उदाहरणीय परियोजनाले पनि दुई राष्ट्रबीचको विश्वास र साझेदारीको गहिरो भावनालाई पनि उत्प्रेरित गर्न सक्छ भन्न सकिन्छ।"

समारोहमा विश्वविद्यालयका विभिन्न सङ्कायका एक हजार २६५ जना विद्यार्थी दीक्षित भएका छन्।

**मधेस ...**

सबैभन्दा बढी धनुषाबाट उजुरी परेको थियो।

प्राप्त प्रतिवेदनमा उक्त दुई आर्थिक वर्षमा धनुषाबाट एक हजार ४२२ उजुरी परेकामा एक हजार ५६ उजुरी फछ्र्योट भएको थिए।

त्यसैगरी, दुई वर्षमा बाराबाट एक हजार २०७ उजुरीमध्ये ८८७, सप्तरीबाट एक हजार १७० उजुरीमध्ये ९७१, रौतहटबाट एक हजार ३५ उजुरीमध्ये ७३४, महोत्तरीबाट एक हजार २२ उजुरीमध्ये ८३४ उजुरी फछ्र्योट भएको जानकारी दिइएको छ।

त्यस्तैगरी, पर्साबाट ९५६ उजुरीमध्ये ६९१, सिराहाबाट ८८१ उजुरीमध्ये ६८७ तथा सर्लाहीबाट ८३६ उजुरीमध्ये ६४२ उजुरी फछ्र्योट भएको कार्यालयको तथ्याङ्कमा उल्लेख गरिएको छ।

उपरोक्त उजुरीमध्ये ८० प्रतिशत उजुरी स्थानीय तहसँग सम्बन्धित रहेको सो कार्यालयले जनाएको छ। सो सम्बन्धित गत असोज महीनामा सो कार्यालयका प्रमुख रामबहादुर कुरुम्बाङले मधेस प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीसमक्ष आफ्नो कार्यालयको वार्षिक प्रतिवेदनसमेत बुझाएका थिए।






**सुन्तला टिप्दैः** म्याग्दीको मालिका गाउँपालिका–७ बिमको दुलेमा सुन्तला टिपिँदै। फूलबारीका किसानको बारीमा फलेका सुन्तला व्यवसायीहरूले बोटबाटै खरीद गरेर लैजाने गरेका छन्। तस्बिरः कमल खत्री/रासस

# दोस्रो बिबिएस फेट, विद्यार्थीहरूको लागि अवसर

प्रस, वीरगंज, २९ मङ्सिर/




काठमाडौं, पेप्सीकोलास्थित बालवाटिका स्कूलले शनिवार दोस्रो बिबिएस फेट-२०८१ कार्यक्रमको आयोजना गरेको छ। कार्यक्रममा विद्यार्थीहरूले आआफ्नो सृजनात्मकता प्रदर्शन गर्ने र नयाँ अनुभवहरू हासिल गर्ने अवसर पाएका थिए।

काठमाडौं महानगरपालिकाका विद्यालय निरीक्षक ओमप्रसाद गौतमले उद्घाटन गरेको कार्यक्रममा विद्यार्थीहरूले विभिन्न रोचक स्टल, शैक्षिक प्रदर्शनी, सङ्गीत तथा नृत्य कला प्रस्तुत गरी मनोरञ्जन प्रदान गरेका थिए।

कार्यक्रममा विद्यार्थीहरूले स्टल व्यवस्थापन, ग्राहक सेवा र व्यावसायिक ढाँचाको प्रत्यक्ष अनुभव प्राप्त गर्दै व्यवस्थापकीय सीपहरू अभिवृद्धि गर्ने अवसर प्राप्त गरेका थिए। विद्यालयका प्रधानाध्यापक रोशन सिंहले यस्ता अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूको सर्वाङ्गीण विकास हुने विश्वास व्यक्त गरे।

# दिगो सहकारी संस्थाको १६औं साधारणसभा

प्रस, सिम्रौनगढ, २९ मङ्सिर/




दिगो कृषि बचत तथा ऋण सहकारी संस्थाको १६औं साधारणसभा शनिवार संस्थाको सभाकक्षमा सम्पन्न भएको छ।

सिम्रौनगढ नगरपालिकाका प्रमुख किशोरीप्रसाद कलवारको प्रमुख आतिथ्य तथा सहकारी संस्थाका अध्यक्ष रामएकबालप्रसाद यादवको अध्यक्षतामा भएको साधारणसभामा आव २०८०/८१ को लागि सञ्चालक समितिको प्रतिवेदनमाथि छलफल, शेयर पूँजी, शेयर सदस्यको बचत रकम परिचालनको अवस्था, मलखाद खरीद-बिक्रीको अवस्थाबारेमा छलफल गरिएको थियो।

साधारणसभामा आर्थिक प्रतिवेदन संस्थाका कर्मचारी अर्जुनप्रसाद यादवले प्रस्तुत गरेका थिए। कार्यक्रममा उपप्रमुख नजमु शेहर, प्रमुख प्रशासकीय अधिकृत हरिओमप्रसाद जयसवाल, बारा जिल्ला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सत्येन्द्र ठाकुरलगायतले मन्तव्य गरेका थिए।

## अपाङ्गताको आधारमा भेदभाव नगरौं

**अपाङ्गताको आधारमा कसैलाई पनिः**

- अपमान गर्ने,
- होच्याउने,
- दुर्व्यवहार गर्ने,
- सेवा सुविधाबाट अलग्याउने,

- लगायतका कार्य कानूनी तथा सामाजिक अपराध हुन, त्यस्ता कार्य नगरौं, नगराऔं।
- अपाङ्गताको आधारमा गरिने विभेद विरूद्ध खुलेर बोलौं,
- अपाङ्गता भएका व्यक्तिको सम्मान गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## झ्यालढोका बरामद

प्रस, बिरुवागुठी, २९ मङ्सिर/

सखुवाप्रसौनी गापा-१ औराहाबाट अवैधरूपमा राखिएका झ्यालढोकाका सेट



वनगस्ती टोलीले बरामद गरेको छ।

सबडिभिजन वन कार्यालय बडनिहार तथा विन्ध्यवासिनी कोइलाभार साझेदारी वनको संयुक्त गस्ती टोलीले अन्यत्र पठाउन राखिएका सालको काठका झ्यालका सेट आठ र ढोकाका सेट पाँच थान बरामद गरेको जमदार जीतबहादुर तामाङले बताए। बरामद झ्यालढोकाको मूल्य एक लाखभन्दा बढी रहेको छ।

**अपाङ्गता ...**

व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक, इन्द्रिय वा रक्त र स्नायुसम्बन्धी दीर्घकालीन विचलन, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा भौतिक र सञ्चारसमेतको विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनुपर्छ। एक अध्ययनले देखाए अनुसार ७० वर्षभन्दा माथिका हरेक व्यक्तिले औसतमा झन्डै आफ्नो जीवनको ११ प्रतिशत आयु कुनै न कुनै रूपमा मानसिक वा शारीरिक कार्य सीमिततामा बाँच्नु पर्छ, जुन अपाङ्गताको अवस्था हो। अपाङ्गता जसलाई पनि जुनसुकै बेला पनि हुन सक्छ तर यसरी आएको शारीरिक वा मानसिक परिवर्तनलाई मात्रै अपाङ्गता भनिंदैन।

कार्यक्रममा नेत्रहीन युवा सङ्घ नेपालका ज्योति झा, बबिता जैसवाल, प्रिया मिश्र, प्रकाश थारू, अभिलाष गुप्तालगायतको सहभागिता थियो।




# खेलकूदको संसार

## काठमाडौं गुर्खाज छ विकेटले विजयी

काठमाडौं, २९ मङ्सिर/रासस

नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत शनिवार भएको पहिलो खेलमा काठमाडौं गुर्खाजले पोखरा एभेन्जर्सलाई छ विकेटले पराजित गरेको छ।




त्रिवि क्रिकेट मैदानमा दर्शकहरूलाई अभिवादन गर्दै वेस्ट इन्डिजका ब्रायन लारा।

त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा पोखराले दिएको १३९ रनको लक्ष्य काठमाडौंले १४ दशमलव एक ओभरमा चार विकेटको क्षतिमा पूरा गर्‍यो। यो जीतसँगै काठमाडौं गुर्खाज प्लेअफनजीक पुगेको छ।

काठमाडौंको जीतमा स्टेफन स्किनाजीले अर्धशतकीय पारी खेले। उनले ३४ बल खेल्ने क्रममा १० चौकासहित ६० रनको योगदान दिए। त्यसबाहेक माइकल लेभिटले ३२, गेर्हार्ड एरासमुसले अविजित २५ र भीम सार्कीले २२ रनको योगदान दिए। पोखराका लागि विपिन खत्रीले तीन विकेट लिए भने मिचेल लेस्कीले एक विकेट हात पारे।

त्यस अघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको पोखराले निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा १३८ रन बनाएको थियो। उसका लागि रेमन रेफरले ३० बलमा तीन छक्का र एक चौकाको मदतले ४१ रन बनाए।

साथै दिनेश खरेलले ३८ र दिलीप नाथले २७ रनबाहेक अन्य खेलाडीले दोहोरो अङ्कको रन जोड्न सकेनन्। गोमेलले आठ, कप्तान कुशल भुर्तेलले सात, विपिन खत्रीले चार, सागर ढकाल र माइकल लिस्कले समान एक/एक रन जोडे।

पोखरालाई मध्यमक्रममा समेट्ने क्रममा काठमाडौंका लागि कप्तान करण केसी र रासिद खानले समान तीन/तीन विकेट लिए। यस्तै, गेर्हार्ड इरास्मस र माइकल लेविटले एक/एक विकेट लिए।

## चितवनको प्लेअफ पुग्ने सम्भावना बलियो

एनपिएल आज भएको दोस्रो खेलमा चितवन राइनोजले जनकपुर बोल्ट्सलाई ३२ रनले पराजित गर्दै प्लेअफमा पुग्ने सम्भावना बलियो बनाएको छ।

सात खेल खेलेको जनकपुर बोल्ट्स तालिकामा १० अङ्कसहित शीर्ष स्थानमा छ। जनकपुर यस अघि नै प्लेअफमा पुगिसकेको छ। आजको जीतपछि चितवनले सात खेलमा आठ अङ्क बटुलेको छ। चितवनसँगै पाँचवटा खेल खेलेको सुदूरपश्चिम रोयल्स र छवटा खेल खेलेको कर्णाली याक्ससँग पनि समान आठ अङ्क छ।

आइतवार हुने काठमाडौं गुर्खाज र विराटनगर किङ्ग्सबीचको खेलपछि शीर्ष चार टोलीको टुङ्गो लाग्नेछ। उक्त खेलमा काठमाडौं गुर्खाज विजयी भए उसको पनि आठ अङ्क हुनेछ। यस आधारमा शीर्ष चारमा पर्ने टोलीको टुङ्गो रनरेटका आधारमा हुनेछ।

जारी प्रतियोगिताबाट लुम्बिनी लायन्स यस अघि नै बाहिरिएको छ भने आजको खेलपछि विराटनगर किङ्ग्स र पोखरा एभेन्जर्स पनि प्रतियोगिताबाट बाहिरिएका छन्।

आजको खेलमा १८१ रनको लक्ष्य पछ्याएको जनकपुर १८ ओभरमा सबै विकेट गुमाउँदै १४८ रनमा समेटियो। उसका लागि जिमी नीशमले २७० दशमलव ८३ को स्ट्राइक रेटमा ६५ रन बनाए पनि जीतका लागि पर्याप्त भएन। उनले २४ बल खेल्ने क्रममा पाँच चौका र छ छक्का प्रहार गरे। साथै आसिफ शेखले २३, शुभ कंसाकारले १५ र मोहम्मद मोहसिनले १३ रन बनाए। त्यसबाहेक अन्य ब्याटरले उल्लेख्य रन बनाउन सकेनन्।

चितवनको जीतमा रिजन ढकाल, सोहेल तनवीर र कुशल मल्लले समान दुई/दुई विकेट लिए भने अमर रौटेलाले एक विकेट लिए।

त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा पाँच विकेटको क्षतिमा १८० रनको योगफल बनाएको थियो।

उसका लागि कप्तान कुशल मल्लले अर्धशतकीय पारी खेले। उनले ४१ बल सामना गर्ने क्रममा तीन चौका र सात छक्का प्रहार गर्दै ७२ रनको योगदान दिए। रवि बोपाराले ३२ बल खेल्दै पाँच चौका र एक छक्काको मदतमा ४४ रन बनाए। साथै हसन इसाखिलले २८, सन्तोष कार्कीले १४ रनको योगदान दिए।

जनकपुरका लागि ललित राजवंशीले दुई विकेट लिए भने हर्ष थाकर, मोहम्मद मोहसिन र जेम्स नीशमले एक/एक विकेट लिए।

## झापा कपः त्रिभुवन आर्मी क्लबको विजयी सुरूआत

झापा, २९ मङ्सिर/रासस

विर्तामोडस्थित डोमालाल राजवंशी रङ्गशालामा शनिवारदेखि शुरू भएको झापा कप-२०८१ प्रतियोगिताको उद्घाटन खेलमा त्रिभुवन आर्मी फूटबल क्लबले विजयी सुरुआत गरेको छ।

आर्मीले मोरङको एलएक्स सिटी एफसीलाई ३-० गोलअन्तरले पराजित गर्दै क्वार्टरफाइनलमा स्थान सुरक्षित गरेको हो। आर्मीका लागि राष्ट्रिय टोलीका स्ट्राइकरसमेत रहेका खेलाडी जिलेस्पीजङ्ग कार्की र दिशान्त राईले गोल गरेका थिए। खेलको २५औं मिनेटमा कार्कीले मोरङका डिफेन्डर अगाडि बढेको अवस्थामा गोल गरेका थिए। उनले मैदानको मध्यभागमा सिङ्गल खेल्दै बललाई पोस्टको दिशा दिए।

आर्मीका लागि अर्को गोल खेलको ८२औं मिनेटमा सम्भव भयो। वैकल्पिक खेलाडी दिशान्त राईले नीरज घिसिङको पासमा गोल गर्दै अग्रता दोब्बर बनाए। खेलको अन्तिम समयमा नीरज चौधरीले गोल थप्दै आर्मीको जीत सुनिश्चित गरे। खेलको ४७औं मिनेटमा अनमार्क रहेका दीपेश आलेमगरले विपक्षी पोस्टमा पाएको बल सदुपयोग गर्न नसक्दा बराबरी गर्ने अवसर गुमेको थियो।

खेलको 'प्लेयर अफ दी म्याच' आर्मीका दिशान्त राई घोषित भए। आइतबारको खेल आयोजक झापा ११ फूटबल क्लब र राष्ट्रिय जागृति क्लब इटहरीबीच हुने आयोजकले जनाएको छ।

## तेस्रो राष्ट्रिय फ्री-स्टाइल रोल्लर स्केट प्रतियोगिताका छनोट खेल सम्पन्न

काठमाडौं, २९ मङ्सिर/रासस

तेस्रो राष्ट्रिय फ्री-स्टाइल रोल्लर स्केट प्रतियोगिता-२०८१ अन्तर्गतको पहिलो दिन छनोट चरणका खेलहरू सम्पन्न भएका छन्। नेपाल स्केटिङ तथा स्केट बोर्डिङ सङ्घले वार्षिकरूपमा राष्ट्रिय फ्री-स्टाइल रोल्लर स्केट प्रतियोगिता आयोजना गर्दै आएको छ।




काठमाडौंको गल्फुटार स्केटपार्कमा भएको प्रतियोगिताको पहिलो दिनमा २५० जना पुरुष र १५० जना महिला खेलाडीको छनोट चरणका खेलहरू भएको आयोजक सङ्घका केन्द्रीय महासचिव सत्य थापाले जानकारी दिए।

दुई दिनसम्म चल्ने प्रतियोगितामा पुरुष र महिलातर्फ खुल्ला फ्री-स्टाइल रोल्लर स्केट प्रतियोगिता अन्तर्गत प्रथम हुनेले रु १५ हजार, दोस्रो हुनेले १० हजार र तेस्रो हुनेले पाँच हजार नगदसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। साथै, प्रतियोगिताका विजेतालाई दक्षिण कोरियामा आगामी जून महीनामा आयोजना हुने एशियन रोल्लर डारबी प्रतियोगितामा सहभागी गराइनेछ।